# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

| खण्डः १ | संख्याः ४६ | मितिः २०७८/०३/२४ |
|---|---|---|

## भाग-२

## भरतपुर महानगरपालिकाको नारायणी नदी किनार व्यवस्थापन तथा सञ्चालन कार्यविधि,२०७७

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बाग्मती प्रदेश, नेपाल

प्रमुख

# नारायणी नदी किनार ब्यवस्थापन तथा सञ्चालन कार्यबिधि- २०७७

प्रमाणिकरण मिति २०७८/३/२४

**प्रस्तावना**

स्वस्थ्य मानवका लागि सफा वातावरणको आवश्यकता पर्दछ । जसका लागि जल, जमिन र जंगल जस्ता प्राकृतिक श्रोतहरुको समुचित संरक्षण व्यवस्थापन र उपभोग हुनुपर्दछ । मुलुकको दिगो विकासका लागि प्रदूषणमुक्त वातावरण आवश्यक छ । वातावरण प्रदूषित हुनु प्राकृतिक स्रोतहरुको दिगो र प्रभावकारी संरक्षण नगरी विनाशतर्फ लाग्नु हो । आधुनिक बिकास संगसंगै प्राकृतिक स्रोत-साधन माथि मानिसहरूको निर्भरता बढी रहने गरेको छ । विकासका आयोजना, कार्यक्रमहरूवाट वातावरणीय विनाश हुन गई विभिन्न विपत्तिहरु दिन-प्रतिदिन बढ्दै गइरहेका छन् । नेपालको मध्यभागमा रहेको नारायणी नदीको स्वच्छता र परम्परागत महत्वलाइ कायम राख्दै मानव हितमा प्रयोगमा ल्याउनु वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ को दफा १०२(१) बमोजिम भरतपुर महानगरपालिकाले नारायणी नदी किनार ब्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७७ पारित गरी लागू गरिएको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

१.१ यस कार्यबिधिको नाम " **नारायणी नदी किनार ब्यवस्थापन तथा सञ्चालन कार्यबिधि, २०७७** " रहेकोछ ।

१.२ यो कार्यविधि भरतपुर महानगरपालिकाको नगर कार्यपालिकाबाट स्वीकृत भइ स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

क) "कार्यबिधि" भन्नाले **नारायणी नदी किनार ब्यवस्थापन तथा सञ्चालन कार्यबिधि २०७७** बुझ्नुपर्छ ।

ख) "महानगर"भन्नाले भरतपुर महानगरपालिकालाइ बुझ्नुपर्छ ।

ग) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र संघीय प्रदेश सरकार र भरतपुर महानगरपालिकाले जारी गरेका ऐनलाई बुझ्नुपर्छ ।

घ) "समिति" भन्नाले **नारायणी नदी किनार ब्यवस्थापन तथा सञ्चालन कार्यबिधि २०७७** अनुरुप गठित समितिलाई बुझ्नुपर्छ ।

ङ) "स्थानीय निकाय" भन्नाले जिल्ला समन्वय समिति, महानगरपालिका,नगरपालिका र गाउँपालिका समेतलाई बुझ्नुपर्दछ ।

च) "कोष" भन्नाले भरतपुर महानगरपालिकाको सर्बसञ्चित कोषलाई बुझ्नुपर्दछ ।

छ) "प्रचलित कानुन" भन्नाले नेपाल सरकार बाग्मती प्रदेश सरकार र भरतपुर महानगरपालिकाले जारी गरी प्रचलनमा रहेका कानुन सम्झनुपर्छ ।

## परिच्छेद-२
## समिति गठन काम, कर्तब्य र अधिकार

**३.** नारायणी नदी किनार ब्यवस्थापन तथा सञ्चालनकालागि देहाय बमोजिमको उच्चस्तरीय निर्देशक समिति गठन हुनेछ ।

| | |
|---|---|
| क) भरतपुर महानगरपालिकाको प्रमुख | – अध्यक्ष |
| ख) महानगरपालिकाको उपप्रमुख | - सदस्य |
| ग) महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| घ) महानगरपालिका आर्थिक प्रशासन महाशाखा प्रमुख | - सदस्य |
| ङ) महानगरपालिका कानुन शाखा प्रमुख | -सदस्य |
| च) नारायणी नदी किनारसंग जोडिएका सम्बन्धित वडा अध्यक्ष | -सदस्य |
| छ) उद्योग वाणिज्यसंघ चितवनका अध्यक्ष | -सदस्य |
| ज) चितवन उद्योग संघका अध्यक्ष | -सदस्य |
| झ) चेम्बर अफ कमर्श चितवनका अध्यक्ष | -सदस्य |
| ञ) महानगरपालिकाका राजश्व महाशाखा प्रमुख | -सदस्य सचिव |

## ४. निर्देशक समितिको सचिवालय र बैठक:-

क. नारायणी नदी किनार ब्यवस्थापन तथा सञ्चालन निर्देशक समितिको सचिवालय राजस्व महाशाखा, भरतपुर महानगरपालिकामा रहनेछ ।

ख. महानगरपालिकाको राजश्व महाशाखाले समन्वयकारी भुमिका निर्वाह गर्नेछ ।

ग. समितिको बैठक कम्तीमा महिनाको एकपटक बस्नेछ ।

घ. बैठकमा ५० प्रतिशत उपस्थितिलाइ गणपुरक सङ्ख्या मानिनेछ ।

ङ. बहुमतको आधारमा निर्णय लिइनेछ ।

## ५. निर्देशक समितिको काम, कर्तब्य र अधिकार:-

क. नारायणी नदी किनारमा हुने बिभिन्न कार्यकालागि अनुमति दिन सक्नेछ ।

ख. नारायणी नदी किनारको बृहत्तर ब्यवस्थापनकालागि दीर्घकालीन र तत्कालीन योजना निर्माण गर्नेछ ।

ग. नारायणी नदी किनारको संरक्षणका लागि प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

घ. नारायणी नदी र यसको ऐतिहासिक धार्मिक महत्वको बिषयमा अध्ययन अनुसन्धान गरी पर्यटन प्रवर्द्धनका लागि आवश्यक कार्य गर्नेछ ।

ङ. नारायणी नदी किनारमा सञ्चालन हुने मेला, महोत्सव ब्यापार ब्यवसायकालागि शुल्क तोक्न सक्नेछ ।

च. नारायणी नदी किनारमा ब्यवसायीक कार्य, मनोरञ्जनमुलक कार्य, धार्मिक कार्य सामाजिक तथा साँस्कृतिक संस्कार तथा अन्य कार्यकालागि समय र स्थान तोक्न सक्नेछ ।

छ. नारायणी नदीको प्राकृतिक ऐतिहासिक महत्वको संरक्षण र प्रवर्द्धनकालागि बिभिन्न कार्यक्रमहरु सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

ज. बिभिन्न क्षेत्रका सरोकारवालाहरुसंग नियमित सहकार्य र समन्वय गर्नेछ ।

झ. नारायणी नदी किनारको नियमित अवलोकन अनुगमन तथा निरिक्षण गरी आबश्यक कार्य गर्न सक्नेछ ।

ञ. यस कार्यबिधि बिपरित र प्रचलित कानुन बिपरित कार्य गर्नेलाइ दण्ड सजाँय तथा सो कालागि शिफारिस गर्न सक्नेछ ।

ट. नारायणी नदी किनारमा सञ्चालन हुन सक्ने ब्यवसायिक तथा अन्य रचनात्मक गतिबिधिहरुलाइ प्रवर्द्धन गर्न सक्नेछ ।

ठ. नारायणी नदी किनारको सौन्दर्यता दिगो संरक्षण तटबन्धन लगायत आवश्यक भौतिक संरचनाहरुको निर्माण र सो का लागि आबश्यक पहल गर्नेछ ।

ड. बिषयगत तथा परियोजनागत उपसमितिहरु गठन गरी परिचालन गर्न सक्नेछ ।

ढ. यसमा सीमाना जोडिएका गैडाकोट नगरपालिका, देवचुली नगरपालिका, कावासोती नगरपालिका, देवघाट गाउँगालिका जिल्ला समन्वय समिति चितवन तथा जिल्ला समन्वय समिति नवलपुर जिल्ला समन्वय समिति तनहुँ लगायतका स्थानीय तह र नीजि क्षेत्रका संघसंस्थासँग समेत आपसी समन्वय गरिने छ ।

ण. नारायणी नदीमा सञ्चालन हुने जलयातायात तथा सो को व्यवस्थापन र पार्किङ लगायतका कार्य गर्न सक्नेछ ।

त. स्थानीय निकायले तोकेका र समितिको निर्णय अनुरुप आवश्यक अन्य कार्यहरु गर्न सक्नेछ ।

थ. व्यापारी, उपभोक्ता,संघ, संस्था तथा अन्य सम्बन्धित निकायलाई बजार सेवा, सुविधा उपलब्ध गराउने,

च. नदी किनारको भौतिक सुविधाको संरक्षण, मर्मत संभार तथा संवर्द्धन गर्ने,

छ. नदी किनारमा व्यवसाय तथा कार्यक्रम संचालन सम्बन्धी कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने,

ज. नारायणी नदी किनार भित्रको फोहोर व्यवस्थापन गरी स्वस्थ वातावरण कायम गर्ने,

झ. वार्षिक स्वीकृत कार्यक्रम तथा बजेटको परिधि भित्र रहेर कार्यक्रम संचालन गर्ने,

ञ. गुणस्तरहीन, अखाद्य वा मिसावटयुक्त तथा उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पर्ने वस्तु खरिद–बिक्री गर्न नपाइने व्यवस्था मिलाउने,

ठ. गैरकानुनी तथा सामाजिक मर्यादा नैतिकता प्रतिकूल कार्यहरु नियन्त्रणकालागि प्रहरी प्रशासन स्थानीय टोल विकास संस्था लगायतसँगको सहकार्यमा आबस्यक कार्य गर्ने ।

## ६. नारायणी नदी किनार व्यवस्थापन उप-समिति गठन:-

६.१. नारायणी नदीको किनार व्यवस्थापन एवं दैनिक कार्य सञ्चालनका लागि महानगरपालकाको उच्चस्तरीय निर्देशक समितिको मातहत रहनेगरी तपसिल वमोजिमको एक उप-समिति रहनेछ । उक्त उप-समितिको काम,कर्तव्य र अधिकार यसै कार्यविधिमा तोकिए वमोजिम हुनेछ ।

तपसिल

सम्बन्धीत वडाका अध्यक्ष- संयोजक

वडा.नं ३का अध्यक्ष- सदस्य

सम्बन्धीत वडाका महिला सदस्य- सदस्य

उद्योग वाणिज्य संघ, चितवनका अध्यक्ष वा प्रतिनिधि –सदस्य

वडा.नं.१का अध्यक्षको सिफारीसमा नगर-प्रमुखबाट तोकिदिएका सम्बन्धीत वडाका सदस्य र स्थानीय सामाजिक संघ,संस्थाका प्रतिनिधि मध्येबाट एक जना सह-संयोजक रहने गरी चार जना मनोनित व्यक्ति - सदस्य

पाँच टोल विकास संस्थाका अध्यक्ष वा प्रतिनिधि- सदस्य

राजस्व महाशाखा प्रमुखले तोकिदिएका राजस्व शाखाका अधिकृतस्तर कर्मचारी —सदस्य सचिव

६.२. उप-समितिले नारायणी नदी किनार व्यवस्थापनसँग सरोकार राख्ने समाजसेवी उद्योगी, व्यापारी तथा बुद्धिजिवीवाट तपसिल वमोजिमको सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

तपसिल

१.महिन्द्रलाल प्रधान(पूर्व अध्यक्ष, उ.वा.संघ,चितवन)

२.प्रचण्डलाल प्रधान(पूर्व अध्यक्ष, उ.वा.संघ,चितवन)

३.उत्तमलाल चुके (पूर्व अध्यक्ष, उ.वा.संघ,चितवन)

४.अध्यक्ष वा प्रतिनिधि, च्याम्बर अफ कमर्स

५. चितवन उद्योग संघ अध्यक्ष वा प्रतिनिधि, च्याम्बर अफ कमर्स

६.३. **नारायणी नदी किनार व्यवस्थापन उप-समितिको काम, कर्तव्य र अधिकार :**

६.३.१नारायणी नदी किनार व्यवस्थापन उच्तस्तरीय निर्देशक समिति अर्न्तगत रहने गरी नारायणी नदी किनार व्यवस्थापन उप-समितिको काम,कर्तव्य र अधिकार देहाय वमोजिम रहनेछ :

क) नारायणी नदी किनारमा हुने बिभिन्न कार्यकालागि अनुमति दिन सिफारीस गर्ने ।

ख) नारायणी नदी किनारको बृहत्तर ब्यवस्थापनकालागि दीर्घकालीन र तत्कालीन योजना निर्माणमा रचनात्मक सहयोग पुऱ्याउने ।

ग) नारायणी नदी किनारको संरक्षणका प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने ।

घ) नारायणी नदी र यसको ऐतिहासिक धार्मिक महत्वको बिषयमा अध्ययन, अनुसन्धान गरी पर्यटन प्रवर्द्धनका लागि आवश्यक कार्य गर्ने ।

ङ) नारायणी नदी किनारमा सञ्चालन हुने मेला, महोत्सव, ब्यापार ब्यवसायकालागि शुल्क तोक्ने ।

च) नारायणी नदी किनारमा ब्यवसायीक कार्य, मनोरञ्जनमुलक कार्य, धार्मिक कार्य, सामाजिक तथा साँस्कृतिक संस्कार तथा अन्य कार्यकालागि समय र स्थान तोक्न सक्ने ।

छ) नारायणी नदीको प्राकृतिक, ऐतिहासिक महत्वको संरक्षण र प्रवर्धनकालागि बिभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।

ज) बिभिन्न क्षेत्रका सरोकारवालाहरुसँग नियमित सहकार्य र समन्वय गरी कार्य गर्ने ।

झ) नारायणी नदी किनारको नियमित अवलोकन, अनुगमन तथा निरिक्षण गरी आबश्यक कार्य गर्न ।

ञ) यस कार्यबिधि बिपरित र प्रचलित कानुन बिपरित कार्य गर्नेलाइ दण्ड सजाँय तथा सो कालागि शिफारिस गर्न सक्नेछ ।

ट) नारायणी नदी किनारमा सञ्चालन हुनसक्ने व्यवसायिक तथा अन्य रचनात्मक गतिबिधिहरुलाइ प्रवर्द्धन गर्ने ।

ठ) नारायणी नदी किनारको सौन्दर्यता दिगो संरक्षण, तटबन्धन लगायत आबश्यक भौतिक संरचनाहरुको निर्माण र सो का लागि आबश्यक पहल गर्ने ।

ड) बिषयगत तथा परियोजनागत उप-समितिहरु गठन गरी परिचालन गर्न सिफारीस गर्ने ।

ढ) नारायणी नदीमा सञ्चालन हुने जलयातायात तथा सो को ब्यवस्थापन र पार्किङ लगायतका कार्यका लागि सहयोग गर्ने ।

ण) स्थानीय निकायले तोकेका र समितिको निर्णय अनुरुप आवश्यक अन्य कार्यहरु गर्ने ।

त) व्यापारी, उपभोक्ता,संघ, संस्था तथा अन्य सम्बन्धित निकायलाई बजार सेवा, सुविधा उपलब्ध गराउने,

थ) नदी किनारको भौतिक सुविधाको संरक्षण, मर्मत संभार तथा संम्वर्दन गर्ने ।

द) नदी किनारमा ब्यवसाय तथा कार्यक्रम संचालन सम्बन्धी कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने ।

ध) नारायणी नदी किनार भित्रको फोहोर व्यवस्थापन गरी स्वस्थ वातावरण कायम गर्ने ।

ञ) वार्षिक स्वीकृत कार्यक्रम तथा बजेटको परिधि भित्र रहेर कार्यक्रम संचालन गर्ने ।

ट) गुणस्तरहीन, अखाद्य वा मिसावटयुक्त तथा उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पर्ने वस्तु खरिद–बिक्री गर्न नपाइने व्यवस्था मिलाउने ।

ठ) गैरकानुनी तथा सामाजिक मर्यादा नैतिकता प्रतिकूल कार्यहरु नियन्त्रणकालागि प्रहरी प्रशासन स्थानीय टोल सुधार समिति लगायत संगको सहकार्यमा आबस्यक कार्य गर्ने ।

## परिच्छेद-३

## राजस्व आम्दानी एवम् लेखा तथा लेखापरीक्षण

७. नारायणी नदी किनारमा देहाय बमोजिमको कार्यकालागि महानगरपालिकाबाट स्विकृत भए वमोजिम अनुसूचीमा तोकीए अनुसार शुल्क तोक्न सक्नेछ:-
क) ठेलामा सञ्चालन गरिने अस्थायी व्यवसाय/
ख) घुम्ती वसमा सञ्चालन हुने अस्थायी व्यवसाय
ग) विभिन्न फास्टफुड व्यवसाय
घ) आईसक्रिमजन्य व्यवसाय
ङ) फोटोग्राफीजन्य व्यवसाय
च) अन्य व्यवसाय

८. संकलित रकम भरतपुर महानगरपालिकाको सर्वसञ्चित कोषमा जम्मा हुनेछ । जम्मा भएको रकमबाट उद्योग बाणिज्य संघ चितवन, चितवन उद्योग संघ, चेम्बर अफ कमर्श तथा स्थानीय टोल सुधार समितिकोहरुको परामर्शमा वढीमा ३०%( प्रतिशत) रकम तपसिल वमोजिमका शिर्षकमा वडा कार्यालय मार्फत खर्च गर्न सकिनेछ ।

क) नारायणी नदी किनारको पर्यटकीय प्रवर्धनात्मक कार्य ।

ख) नारायणी नदी किनारको सरसफाई खर्च ।

ग) नारायणी नदी किनार व्यवस्थापनको लागि खटिने स्थानीय ज्यालादारी कर्मचारीको लागि दैनिक ज्याला सम्बन्धीत खर्च ।

घ) उप-समितिको बैठक वापत महिनाको वढीमा तीन पटक सम्मको प्रचिलत दर/रेट वमोजिमको भत्ता रकम ।

९. संकलित रकमबाटनै महानगरपालिकाको आर्थिक कार्यविधि ऐन तथा नियमावलीमा भएको प्रावधान अनुरुप समितिको बैठक ब्यवस्थापनमा खर्च गरिनेछ ।

१०. अन्य रकम महानगरपालिकाले सर्वसञ्चित कोषमा आम्दानी बाँधी कानुन बमोजिम खर्च गरिनेछ ।

११. नारायणी नदीको किनार सञ्चालन तथा व्यवस्थापनबाट प्राप्त आम्दानीको लेखा तथा लेखा परीक्षण स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था वमोजिम हुनेछ ।

## परिच्छेद – ४

१२. नारायणी नदी किनार सञ्चालन तथा व्यवस्थापनका लागि कर्मचारी व्यवस्थापन सम्बन्धमा :

क) नारायणी नदी किनार सञ्चालन ताथ व्यवस्थापनका लागि विगत देखि उक्त स्थानमा कामकाज गर्दै आएका व्यक्तिहरुलाई वडा कार्यालयको सिफारीसको आधारमा दैनिक ज्यालादारीमा जिल्ला दर/रेटमा तोकीएको न्यूनतम ज्याला तोकी दैनिक ज्यालादारीमा काममा लगाउन सकिनेछ ।

| क.सं | कामको विवरण | संख्या |
|---|---|---|
| १ | राजस्व संकलक | एक |
| २ | सरसफाइ | चार जना |

ख) दैनिक ज्यालादारीमा उक्त स्थानमा कार्य गर्ने कर्मचारी सम्बन्धीत व्यवस्थापन समिति, वडा कार्यालय र भरतपुर महानगरपालिका प्रति जवाफदेहि हुनुपर्नेछ ।

ग) नारायणी नदी किनारमा खटिएका कर्मचारीहरुलाई जिल्ला दर,रेट वमोजिम न्यूनतम ज्याला उठेको रकमको तीस(३०) प्रतिशत रकम मध्येवाट व्यवस्थापन उप-समितिको सिफारीसको आधारमा भूक्तानी गर्नुपर्नेछ ।

## परिच्छेद-४

## दर्ता, अनुमति,नबिकरण ,अनुगमन तथा निरिक्षण

१३. नारायणी नदी किनारमा सञ्चालन हुने कुनै पनि व्यवसाय भरतपुर महानगरपालिकाको प्रचलित कानुन बमोजिम र यस कार्यबिधि अनुरुप महानगरपालिकाबाट अनुमति लिइ व्यवसाय दर्ता भएको हुनुपर्नेछ ।

१४. नारायणी नदी किनारमा सञ्चालन हुने कुनै पनि ब्यवसायले भरतपुर महानगरपालिका तथा नेपाल सरकारको नियमानुसारको कर/शेवा शुल्क, दस्तुर तिरेको हुनुपर्नेछ ।

१५. नारायणी नदी किनारमा सञ्चालन हुने ब्यवसायीले हरेक बर्ष अनुमति नबिकरण गरिएको हुनुपर्नेछ ।

१६. समितिले गर्ने अनुगमन तथा निरिक्षणमा सहज किसिमले सहयोग पुऱ्याउनु पर्नेछ ।

१७. अस्थायी रुपमा आयोजना हुने कुनै पनि कार्यक्रमका लागि पूर्व अनुमति लिनुपर्नेछ ।

१८. मेला महोत्सवहरुको आयोजनाकालागि सम्बन्धित निकायहरुबाट पूर्व स्वीकृति समेत लिएको हुनुपर्नेछ । मेला महोत्सव सम्बन्धी कार्यको लागि भरतपुर महानगरपालिकाको मेला महोत्सव कार्यविधि आकर्सित हुनेछ ।

## परिच्छेद-५

## नारायणी नदी किनार उपयोग बर्गिकरण

१९. नारायणी नदी किनारलाइ समितिले ब्यवसायिक धार्मिक लगायतका आधारमा क्षेत्र सीमा तोक्न सक्नेछ ।

२०. ब्यवसायिक उपयोगमा लगाउनकालागि सीमा तोकी शुल्क लिन सक्नेछ ।

२१. खेलकूद, ब्यायाम, मनोरञ्जन र प्राकृतिक सौन्दर्यता तथा मृत्यु संस्कार वा अन्तिम संस्कारका लागि र पर्यटकीय पर्वद्धनका क्रियाकलापकालागि बिशेष क्षेत्र तोक्न सक्नेछ ।

## परिच्छेद-६

## कारबाही तथा दण्ड सजाँय

२२. अनुमति नलिइ कुनै ब्यवसाय वा कार्यक्रम सञ्चालन गरेमा तत्काल समितिले हटाउन सक्नेछ ।

२३. प्रदुषणजन्य कार्य गरेमा प्रथम पटक सचेत गराउनुको साथै सो गर्दा पनि सुधार नभएमा अनुमति खारेज गरी कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सकिनेछ ।

२४. समितिले तोकेको शुल्क नबुझाएमा अनुमति खारेज गरी हटाउन सक्नेछ ।

२५. प्रचलित कानुन बिपरित कुनै कार्य भएमा सोही कानुन बमोजिम सजाँय तथा उक्त स्थानबाट हटाउन र अनुमति रद्द गर्न सकिनेछ ।

## परिच्छेद-७

## बिविध

२६. नारायणी नदीलाई सिविच मोडेलमा विकास गर्नका लागि भरतपुर महानगरपालिकाबाट स्विकृत भएको डीपिआर बमोजिम हुने गरी ब्यवसायीयक कृयाकलाप सञ्चालनको लागि क्षेत्र छुट्टयाउनु पर्नेछ ।

महानगरपालिकाबाट स्विकृत भएको डिपिआर प्रतिकूल हुने गरी कुनै किसिमको स्थायी संरचना तयार गर्न सकिने छैन् ।

२७. यस कार्यबिधिको कुनै प्रावधान प्रचलित कानुनसंग बाँझिन गएमा बाँझिएको हदसम्म प्रचलित कानुन मान्य हुनेछ ।

२८. सामाजिक हित सचेतनामुलक कार्यक्रम तथा धार्मिक कार्यक्रमहरुलाइ समितिको निर्णयबाट निःशुल्क स्थान उपलब्ध गराउन सकिने छ ।

## परिच्छेद-८
## बिविध

२९. बाधा अड्कन फुकाउ एवं व्याख्या :
यस कार्यविधिको अन्तिम व्याख्या एवं बाधा अड्काउ फुकाउने कार्य नगर कार्यपालिकाले गर्नेछ ।

३०. परिमार्जन तथा संशोधन : यस कार्यविधिलाई आवश्यकता अनुसार भरतपुर महानगरपालिका नगर कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

### अनुसूचि -१
अस्थायी व्यवसाय दर्ता शुल्क

| क्र.सं | व्यवसायको विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | जेसीज भवनको चोक वाट राईनो क्लव सम्म वार्षिक दर्ता शुल्क | १५००/- | व्यवसायहरु अस्थायीरुपमा वडाको सिफारीसको आधारमा महानगरपालिकाबाट अनुमति प्रदान गरिनेछ । |
| २ | लिलाचोक देखि गौरेश्वर मन्दिर सम्म वार्षीक शुल्क | १०००/- | |
| ३ | बरफ तथा मकै व्यवसायी लाई वार्षीक शुल्क | १०००/- | |
| ४ | फोटोग्राफरहरुको वार्षीक दर्ता शुल्क | १०००/- | |
| ५ | चुरापोते कस्मेटीक व्यवसाय शुल्क | १५००/- | |
| ६ | गाडी तथा वस क्याफे बार्षिक शुल्क | ८०००/- | |

### अनुसूचि -२
अस्थायी व्यवसाय दर्ता भएका व्यवसायहरुलाई

| क्र.सं | व्यवसायको विवरण | क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १ | एक ठेलालाई वढीमा | १० फिट सम्म । | एक ठेलालाई :दुइसेट टेवुल कुर्ची दिने । एक सेट भन्नाले एक टेवल र पाँच वटा कुर्ची हुनेछ । |

### अनुसूचि -३
अस्थायी व्यवसाय पूर्वाधार उपयोग कर

जेसिस भवनको किनार(A)

| क्र.सं | व्यवसायको विवरण | रकम रु. | क्षेत्रफल(मोडा) |
|---|---|---|---|
| १ | फलफुल,चटपट,ठेलामा भएको फास्टफुडलाई | २०००-३००० सम्म | १०फिट |

## अनुसूचि -४
अस्थायी व्यवसाय पूर्वाधार उपयोग कर
बुद्ध पार्क र हरिहर मन्दिर पछाडी

| क्र.सं | व्यवसायको विवरण | रकम रु. | क्षेत्रफल(मोडा) |
|---|---|---|---|
| १ | फलफुल,चटपट,ठेलामा भएको फास्टफुडलाई | २५००-३५०० सम्म | १०फिट |

## अनुसूचि -५
अस्थायी व्यवसाय पूर्वाधार उपयोग कर
उद्योग वाणिज्य संघ पछाडी

| क्र.सं | व्यवसायको विवरण | रकम रु. | क्षेत्रफल(मोडा) |
|---|---|---|---|
| १ | फलफुल,चटपट,ठेलामा भएको फास्टफुडलाई | ३०००-३५०० सम्म | १०फिट |

## अनुसूचि -६
अस्थायी व्यवसाय पूर्वाधार उपयोग कर
बालकुमारी वोर्डीङ्ग स्कुल तल

| क्र.सं | व्यवसायको विवरण | रकम रु. | क्षेत्रफल(मोडा) |
|---|---|---|---|
| १ | फलफुल,चटपट,ठेलामा भएको फास्टफुडलाई | २५००-३००० सम्म | १०फिट |

## अनुसूचि -७
अस्थायी व्यवसाय पूर्वाधार उपयोग कर
नयाँबस्ती तल – गौरेश्वमन्दिर सम्म नारायणी नदी किनार

| क्र.सं | व्यवसायको विवरण | रकम रु. | क्षेत्रफल(मोडा) |
|---|---|---|---|
| १ | फलफुल,चटपट,ठेलामा भएको फास्टफुडलाई | १५००/- | १०फिट |

## अनुसूचि -८
अस्थायी व्यवसाय पूर्वाधार उपयोग कर
फोटोग्राफर

| क्र.सं | व्यवसायको विवरण | रकम रु. | क्षेत्रफल(मोडा) |
|---|---|---|---|
| १ | फोटोग्राफर व्यवसायीलाई | ३०००/- | १०फिट |

## अनुसूचि -९

### अस्थायी व्यवसाय पूर्वाधार उपयोग कर

### उद्योग वाणिज्य संघ पछाडी

| क्र.सं | व्यवसायको विवरण | रकम रु. | क्षेत्रफल(मोडा) |
|---|---|---|---|
| १ | ठेलावाला आईसक्रिम, मकै बिक्री | १७५०/- | १०फिट |
| २ | मालापोते(कस्मेटीक) | ३०००/- | |
| ३ | जुस | २०००/--३०००/-सम्म | |

## अनुसूचि -१०

### अस्थायी व्यवसाय पूर्वाधार उपयोग कर

### टुकटुके, भ्यान तथा बस क्याफे

| क्र.सं | व्यवसायको विवरण | रकम रु. | क्षेत्रफल(मोडा) |
|---|---|---|---|
| १ | टुकटुके | ४५००/- | १० फिट |
| २ | सानो भ्यान | ६०००/- | १२ फिट |
| ३ | बस क्याफे | ८५००/- | २० फिट |

प्रमुख

**आज्ञाले**

**.....................**

**(भोजराज खतिवडा)**

**प्रमुख प्रशासकीय अधिकृत**